# नयाँ स्वास्थ्य नीति निर्माण समितिको सूचना

नेपालको संविधानले सुनिश्चित गरेको स्वास्थ्यको हक कार्यान्वयन गर्न तथा संघिय तथा शासकीय संरचनाअनुरुप स्वास्थ्य सेवा प्रणालीको विकाश गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालयको प्रतिबद्धताअनुसार मन्त्रिपरिषद्बाट मा. स्वास्थ्य मन्त्रीको अध्यक्षतामा एक उच्च स्तरिय स्वास्थ्य नीति निर्माण समिति गठन गरिएको जानकारी गराउँछौं । मन्त्रालयको webpage http://www.mohp.gov.np/content/high-level-health-policy मा राष्ट्रिय स्वास्थ्य निति २०७१, नेपालको नयाँ संविधान २०७२ र यस संविधानमा लिखित स्वास्थ्यसम्बन्धी बुँदाहरु उपलब्ध छन् । यी दस्तावेजहरुलाई आधार बनाई संवैधानिक स्वास्थ्य अधिकारलाई विषेशत मध्यनजर गरी वर्तमान राष्ट्रिय स्वास्थ्य नीति २०७१ मा कुनै बुँदा थप्नुपर्ने, घटाउनपर्ने वा परिमार्जन गर्नुपर्ने लागेमा आफ्ना सुझावहरु पठाई प्रस्तावित राष्ट्रिय स्वास्थ्य नीति २०७४ अझ जनकेन्द्रित र समष्टीगत बनाउने अभियानमा सहभागी हुन सम्बन्धित सबै निकायहरु (शैक्षिक संस्था, व्यवशायिक परिषद्, गैर सरकारी संघसंस्था, स्वास्थ्यकर्मी, विद्यार्थीवर्ग, समाजसेवी, राजनितिज्ञ, आदि) लगायत् सम्पूर्ण नागरिकहरुलाई आवह्वन गर्दै आफ्ना अमूल्य सुझावहरु तलको इमेलमा पठाउनुहुन अनुरोध गर्दछौं ।

सुझाव पठाउने ईमेल ठेगाना : hlhpc@mohp.gov.np

नोट :

१. कृपया ईमेलको 'विषयमा' कुन शिर्षक अर्न्तगत सुझाव पठाउनुभएको हो स्पष्ट लेख्नुहोला ।

२. सुझाव पठाएको दस्तावेजमा पनि शिर्षक राख्नुहोला ।

३. सुझाव पठाउँदा बुँदागत रुपमा प्रस्तुत गर्नुहोला ।

४. सुझाव पठाउने अन्तिम मिति : २०७४ कार्तिक १० गते ।